पुनर्वास नगरपालिकाको

# सहकारी नियमावली, २०७७

कार्यपालिकाबाट पारित मिति २०७७।१२।२५

पुनर्वास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पुनर्वास, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

पुनर्वास नगरपालिकाको
सहकारी नियमावली, २०७७

पुनर्वास नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी पुनर्वास नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद -१

**प्रारम्भिक**

१. संक्षिप्त ना, विस्तार र प्रारम्भ : (१) यी नियमहरुको नाम "पुनर्वास नगरपालिकाको सहकारी नियमावली, २०७६" रहेको छ ।

२. यो नियमावली पुनर्वास नगरपालिका भर तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

क) "ऐन" भन्नाले पुनर्वास नगरपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्दछ ।

ख) "कर्जा" भन्नाले चलअचल सम्पत्ति धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, व्याज र हर्जाना रकम सम्झनुपर्छ ।

ग) "विशिष्टिकृत सहकारी संघ" भन्नाले ऐनको दफा ८ बमोजिम गठन हुने विशिष्टिकृत सहकारी संघ सम्झनु पर्छ ।

घ) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक सम्झनुपर्छ र सो शब्दले महाप्रबन्धक वा प्रमुख कार्यकारी अधिकृतलाई समेत जनाउछ ।

ङ) "संस्थागत पुँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, घाटा पुर्ति कोष र अन्य कोषको रकम सम्झनुपर्छ ।

च) "रजिष्टार अधिकारी" भन्नाले पुनर्वास नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ७५ मा तोकिए बमोजिम सहकारी संस्थाको दर्ता, नियमन लगायतका कार्यहरु सम्पादन गर्ने स्थानीय सरकारले नियुक्त गरेको राजपत्रांकित द्बितिय श्रेणी वा सो सरहको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

परिच्छेद-२

**संस्था गठन, दर्ता तथा सञ्चालन**

३. विशिष्टिकृत सहकारी संघ गठनको शर्त तथा सोको सञ्चालन : (१) विशिष्टिकृत सहकारी संघ गठन गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ :-

क) आवेदक संस्थाहरुको संयुक्त शेयर पूँजी कम्तीमा दश करोड रुपैंया हुनुपर्ने,

ख) आवेदक संस्थाहरुको संयुक्त संस्थागत पुँजी कम्तीमा दुई करोड रुपैयाँ हुनुपर्ने,

ग) आवेदक संस्थाहरुले खरिद गरेको संघको शेयर पुँजी कम्तीमा एक करोड रुपियाँ हुनुपर्ने,

घ) आवेदक संस्थाहरु घाटामा गएको हुन नहुने,

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम आवेदक संस्थाले खरिद गर्ने शेयरको रकम संस्थाको प्राथमिक पुंजी कोष र बचतको अनुपात कम्तीमा एक बराबर पन्ध्र कायम गरी जगेडा कोष र शेयर पुँजीबाट मात्र खरिद गर्नुपर्नेछ ।

(३) विशिष्टिकृत सहकारी संघको सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) जुन उद्देश्यका लागि सो सहकारी संघ गठन भएको हो सोही कार्य मात्र गर्नुपर्ने,

(ख) विशिष्टिकृत सहकारी संघको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन पर्नु पूर्व प्रचलित कानुन बमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनुपर्ने भए लिएर मात्र सञ्चालन गर्नुपर्ने ।

(४) विशिष्टिकृत सहकारी संघ गठन गर्दा स्वरोजगारी तथा मूल्य शृण्दृघनलामा योगदान पुऱ्याउने गरी वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यविशेषका आधारमा समेत गठन गर्न सकिनेछ ।

४. **प्रदेश सहकारी बैङ्कको गठन सम्बन्धी व्यवस्था :** (१) प्रदेश भित्रका सबै जिल्लाको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन सय एक वटा संस्था वा संघहरु आपसमा मिली सहकारी बैङ्कको गठन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम गठन हुने सहकारी बैङ्कको शेयर पूँजी नेपाल राष्ट्र बैङ्कले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम सहकारी बैङ्कको गठनको लागि आवेदन दिने संस्था वा संघहरुले दहायको शर्त पूरा गरेको हुनुपर्नेछ :-

(क) आवेदक संस्था वा संघको संयुक्त शेयर पूँजी कम्तीमा एक अर्ब रुपैयाँ हुनुपर्ने,

(ख) आवेदक संस्था वा संघको संयुक्त संस्थागत पूँजी कम्तीमा पन्ध्र करोड रुपैयाँ हुनुपर्ने र

(ग) आवेदक संस्था वा संघ विगत तीन वर्षदेखि निरन्तर नाफामा संचालन भएको हुनुपर्ने,

(४) प्रदेश सहकारी बैङ्क गठन गर्दा प्रदेश सहकारी संघको समेत सिफारिस आवश्यक पर्दछ ।

(५) उपनियम (१) बमोजिमको सहकारी बैङ्कको गठन प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानूनको प्रतिकुल नहुने गरी गर्नु पर्नेछ ।

५. **संस्था वा संघ दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरण :** (१) ऐनको दफा १२ को उपदफा (१) बमोजिम रजिष्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अधिकार प्राप्त अधिकारीसमक्ष संस्था वा संघ दर्ता गर्नका लागि अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था वा संघ दर्ताका लागि प्रतिवेदन अनुसूची-२ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनसूची-३ को ढाँचामा दरखास्तसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) संस्था दर्ताका लागि ऐनको दफा १२ को उपदफा (२)) मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न राखी दरखास्त पेश गर्नुपर्ने छ :-

(क) प्रारम्भिक भेलाका निर्णयहरु,

(ख) अनुसूची-४ को ढाँचामा व्यावसायिक कार्यायोजना,

(ग) अनुसूची-५ को ढाँचामा सदस्यबाट शेयर पूँजी तचथा प्रवेश शुल्क वापत सङ्कलित रकमको भरपाई,

(घ) अनुसूची-६ ६ को ढाँचामा तदर्थ सञ्चाक समितिका सदस्यहरुको विवरण,

(ङ) अनुसूची-७ को ढाँचामा स्व-घोषणपत्र,

(च) अनुसूची-८ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र,

(छ) आवेदकहरुले रजिष्ट्रार अधिकारीको कार्यालयले तोके बमोजिम कम्तीमा एक दिवसीय पूर्व-सहकारी शिक्षा प्राप्त गरेको प्रमाण,

(ज) आवेदकहरुको नेपाली नागरिकता प्रमाण-पत्र वा राष्ट्रिय परिचयपत्र प्रतिलिपि,

(झ) पेशागत संगठनका आधारमा दर्ता हुने स)स्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण, र

(ट) आवेदकहरु प्रत्येकले संस्थाको कार्ययोजनाबमोजिमको सेवा उपयोग गर्ने आधार ।

(४) ऐनको दफा १२ बमोजिम संघ दर्ता गर्नको लागि दरखास्त दिँदा दरखास्त साथ देहायका कागजात तथा विवरण संलग्न गर्नुपर्नेछ :-

(क) उपनियम (३) को खण्ड (क),(ख),(ग),(घ) र (च) मा उल्लेखित कागजात,

(ख) शेयर पूँजी तथा प्रवेश शुल्कवापत सदस्यहरुबाट संकलित रकम बैंक वा विक्तिय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम 'क' वर्गको इजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरेको बैंक भौचर,

(ग) अनुसूची- ९ बमोजिम आवेदक संस्था वा संघको विववरण, र

(घ) प्रदेश सहकारी संघको हकमा राष्ट्रिय सहकारी महासंघको सिफारिस

(५) प्रदेश सहकारी बैङ्क दर्ता गर्नको लागि दरखास्त दिँदा देहायका विवरण संलग्न हुनुपर्नेछ :-

(क) अनुसूची-१० को ढाँचामा नियम ४ मा उल्लिखित न्यूनतम सङ्ख्या पुग्ने आवेदक संस्था वा संघको सदस्य संख्या, शेयर पूँजी, संस्थागत पूँजी र वित्तीय अवस्था खुल्ने विवरण,

(ख) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ), (च) र उपनियम (४) को खण्ड (ख) मा उल्लिखित कागजात,

(६) उपनियम (१) बमोजिम विशिष्टीकृत संघ दर्ता गर्नको लागि दरखास्त दिँदा देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) अनुसूची-११ को ढाँचामा आवेदक संस्थाको विषय, सदस्य संख्या, शेयर पूँजी, संस्थागत पूँजी र कारोवार खुल्ने विवरण,

(ख) उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ), (च) र उपनियम (४) को खण्ड (ख) मा उल्लिखित कागजात ।

**६. बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड :** (१) नगरपालिकाको हकमा प्रत्येक वडामा रहेको जनसंख्याका आधारमा प्रत्येक दुई हजार जनसंख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था दर्ता गरिनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा नगरपालिका जिल्लाभित्र कार्याक्षेत्र सीमित भएका तथा वडाभित्र कार्यालय रहेका कार्यक्षेत्र सिमित भएका तथा वडाभित्र कार्यालय रहेका र वा नगरपालिकाको हकमा सम्बन्धित कार्याक्षेत्र सिमिमत भएको छिमेक वा बसोवासको कमन बण्डमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्डभन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरु तिन वर्षभित्र नियम ३१ बमोजिम एकीकराण भइसक्नु पर्नेछ ।

(ख), (ग), (घ), (च) र

**७. <u>दर्ताको प्राथमिकता :</u>** संघको दर्ताका लागि एकभन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिइनेछ ।

**८. <u>सहकारी संस्थाको कार्यक्षेत्र :</u>** (१) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरुको कार्यक्षेत्र कायम गर्ने प्रयोजनका लागि त्यस्ता संस्थाहरुले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा १६ को उपदफा (१) मा उल्लिखित विवरणहरुको अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नुपर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोवार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यहरको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यवसायिक सेवा सुविधाहरुको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको विवरण ।

(२) ऐनको दफा १६ को उपदफा (२) को खण्ड (ख) बमोजिम संस्थाको कार्यक्षेत्र सदस्यको सीप, पेशा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक पर्ने देखिएमा एक स्थानीय तहसम्म हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा देखिएको भए तापनि प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा संस्थाका आवेदकहरुको बसोबास नभएको भए त्यस्तो वडा कार्याक्षेत्रमा समावेश गरिने छैन ।

(४) ऐनको दफा १६ को उपदफा (५) को खण्ड (क) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिदा झिकिने कार्यक्षेत्र भरिको गरी जम्मा सदस्य संख्याको पन्ध्र प्रतिशतभन्दा कम सदस्य संख्या भएको हुनु पर्नेछ ।

(५) ऐनको दफा १६ को उपदफा (५) को खण्ड (ख) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरिको गरी पाँच करोड रुपैयाँ वा जम्मा कारोवारको पन्ध्र प्रतिशत जुन घटी हुन्छ सो भन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको देखिएको हुनुपर्नेछ ।

**स्पष्टीकरण :** यस उपनियमको प्रयोजनको लागि “कारोबार” भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनुपर्छ ।

**९. <u>विषय परिवर्तन सम्बन्धी व्यवस्था :</u>** (१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफ्नो व्यवसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कुल सदस्य संख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सोको स्वीकृतिको लागि रजिष्टार अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संसोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रही मन्त्रालयबाट निर्धारित शर्त र कार्यविधि पूरा भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा रजिस्ट्रार अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नु पर्नेछ ।

**१०. <u>कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधारः</u>** (१) ऐनको दफा १९ को उपदफा (५) बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्था वा संघले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने छनः-

(क) सम्बन्धित संस्थाका सदस्यहरुको आवश्यकतामा आधारित उत्पादनको मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन , सञ्चालन विधि, सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरु प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरु बीच कम्तीमा पाँच वर्षको करार बन्दोवस्त भएकोले हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययन तथा वित्तीय योजनाबाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचलित कानूनबमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने, र

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्था वा संघले तत्सम्बन्धी सम्पूर्ण कागजात संल्गन राखी रजिष्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अख्तियार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर रजिष्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अख्तियार प्राप्त अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सहमति दिनेछ ।

तर, यस उपदफा बमोजिम सहमती प्राप्त गर्न नसक्ने संस्थालाई सो को जानकारी दिनुपर्ने छ ।

(४) उपनियम (३) बमोजिम दिएको सहमती वा जानकारीको रजिष्ट्रार अधिकारीबाट अख्तियार प्राप्त अधिकारीले सोको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(५) यस नियम बमोजिम सहमती पाएको संयुक्त वा साझेदारमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्था वा संघले रजिष्ट्रार अधिकारीले तोकेको ढाँचामा नियमित रुपमा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**११. <u>सहकारी संस्थाको विनियम</u>** : सहकारी संस्थाले विनियम बनाउँदा अनुसूची-१२ मा उल्लिखित विषयहरु समावेश गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## <u>सदस्यता</u>

**१२. संघको सदस्यता :** ऐनको दफा ३१ को उपदफा (५) बमोजिम संघको सदस्यता लिँदा देहायको प्रक्रिया पूरा गर्नुपर्नेछ :-

(क) विषयगत सहकारी संघको हकमा ऐनको दफा १८ को उपदफा (१) मा उल्लिखित एकै तहको विषयगत संघमा दोहोरो नपर्ने,

(ख) सम्बन्धित संघको विनियममा उल्लिखित आधार र प्रक्रिया पूरा भएको हुनुपर्ने,

**१३. <u>सदस्यताको समाप्ति</u> :** (१) ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहायको व्यवस्था पूरा भएको हुनुपर्नेछ :-

(क) सम्बन्धित सदस्यको सदस्यता समाप्तिको आधारसहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानविनको प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोृजिमको उपसमितिले आफ्नो सफाई पेस गर्न मनासिबमाफिकको मौका दिएको हुनुपर्ने, र

(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने,

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम सञ्चालक समितिले गरेको निर्णमा चित्त नबुझ्ने सदस्यले रजिस्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अख्तियार प्राप्त अधिकारी समक्ष उजुरी गर्न सक्नेछ र तत्सम्बन्धमा रजिष्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अख्तियार प्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-४
## <u>सञ्चालक समिति</u>

**१४.<u>समितिको बैठक</u> :** (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । तर दुई बैठक बीचको अवधि पैंतालीस दिनभन्दा बढी हुनु हुँदैन ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरु मध्येबाट चुनिएको सदस्यले गर्नेछ ।

(४) उपनियम (२) को अवधिभित्र बैठक नबोलाइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र अध्यक्षले त्यस्तो अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाईको अवस्थामा बहुमत सञ्चालक सञ्चालक सदस्यहरु उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम बौलाईको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरु मध्येबाट चुनिएको सञ्चालकले गर्नेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(८) समितिको बैठकको गणपूरक संख्या समितिको तत्काल कायम रहेको कूल सदस्य संख्याको बहुमत सदस्य संख्या हुनेछ ।

**१५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :**ऐनको दफा ४१ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवथा मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरुको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरीवेक्षण समितिबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धिकरण (मनी.लाउन्डरिङ्ग) निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरुको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरु गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरुका लागि आचारसंहिता बनाई लागू गर्ने, र

(ज) विनियममा उल्लिखित अन्य कार्यहरु गर्ने ।

**१६. <u>तदर्थ समितिको गठन</u> :** (१) ऐनको दफा ४५ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन रजिस्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अधिकार प्राप्त

अधिकारीले  ऐनको दफा ४५ को उपदफा (४) बमोजिम सदस्यहरु मध्येबाट बढीमा ७ सजनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनुपर्नेछ :-

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तिमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने ।

**१७. लेखा सुपरीवेक्षण समितिका पदाधिकारीको योग्यता :** ऐनको दफा ४६ को उपदफा (१) बमोजिमको लेखा सुपरीवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन बर्ष पुरा भएको,

तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरुको हकमा यो खण्ड लागु हुने छैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा वक्यौता रकम नरहेको,

(ग) संस्थाले आफैँ वा अन्य निकायको तर्फबाट आयोजना गरिएको लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको ।

## परिच्छेद-५
## बचत तथा ऋणको परिचालन

**१८. सदस्यको रकम फिर्ता :**(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ५२ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांशवापतको रकम, र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता वापतको रकम

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ५२ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत व्याजसहित तुरुन्त फिर्ता दिनु पर्नेछ ।

तर आवधिक बचतको रकम निर्धारित अवधि भुक्तान भए पश्चात् फिर्ता गर्नु पर्नेछ ।

**१९. ऋण वा अनुदान प्रदान गर्न सक्ने :** (१) ऐनको दफा ५३ को उपदफा (३) बमोजिम ऋण वा अनुदान प्रदान गर्दा दहाय बमोजिम उपलब्ध गराउन सकिनेछ :-

(क) प्रादेशिक कार्यक्षेत्र भित्रका सबै पूकारका सहकारी संस्थाहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन सकिने,

(ख) प्रादेशिक कार्यक्षेत्र भित्र गरिबी न्यूनिकरण तथा रोजगारी सृजना गर्न सहकारी संस्थाहरुलाई अनुदान रकम उपलब्ध गराउन सकिने ।

(२) उपनियम (१) खण्ड (क) बमोजिमको कार्यका लागि प्रदेश सरकारले अलग्गै कोषको व्यवसथा गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कोषको सञ्चालन प्रदेश सरकारले बनाएको मापदण्ड बमोजिम हुनेछ ।

(४) उपनियम (१) खण्ड (ख) बमोजिम अनुदान रकम मन्त्रालयले आफ्नो वार्षिक बजेटमा व्यवसथा गरी कार्यविधि बमोजिम प्रदान गर्न सक्नेछ ।

(५) यस नियम बमोजिम अनुदान वा ऋण रकम माग गर्ने संस्थाले साधारण सभाबाट निर्णय गरेको हुनुपर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि प्रचलित सहकारी उैन, नियम, मापदण्ड, सहकारी मूल्य, मान्यता, सिद्धान्त तथा आफ्नो दर्ता हुँदाको उद्देश्य विपरित कार्य गर्ने संस्थाले यस नियम बमोजिम ऋण वा अनुदान रकम प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद-६

## कोष सम्बन्धी व्यवस्था

२०. **प्रदेश सहकारी प्रवर्द्धन कोष :**(१) ऐनको दफा ५८ को उपदफा (३) बमोजिमको प्रदेश सहकारी प्रवर्द्धन कोष हुनेछ । मन्त्रालयले वार्षिक बजेटमा समावेश गरी आवश्यक रकम सो कोषमा उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) सहकारी प्रवर्द्धन कोषको रकम ऐनको दफा ५८ को उपदफा (४) मा उल्लिखित संघहरुलाई देहाय बमोजिम उपलब्ध गराइनेछ :-

(क) प्रदेश सहकारी संघलाई जम्मा स्रोतको पैतिस प्रतिशतसम्म,

(ख) प्रदेश विषयगत संघहरुलाई जम्मा स्रोतको पन्ध्र प्रतिशत सम्म,

(ग) जिल्ला सहकारी संघहरुलाई जम्मा स्रोतको तीस प्रतिशतसम्म,

(घ) जिल्ला विषयगत सहकारी संघहरुलाई जम्मा स्रोतको बीस प्रतिशतसम्म ।

(३) उपनियम (२) बमोजिम संघलाई प्राप्त रकमको कम्तीमा पचास प्रतिशत रकम ऐनको दफा ५८ को उपदफा (५) बमोजिमको समितिले तोके बमोजिमका प्रारम्भिक संस्थाहरुलाई सो दफाको उपदफा (६) बमोजिमको कार्यमा खर्च गर्न उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ५८ को उपदफा (५) बमोजिमको समितिले संघहरुलाई रकम उपलब्ध गराउँदा सम्बन्धित संघहरुबाट प्राप्त प्रस्तावहरुको आधार लिनेछ ।

(५) उपनियम (४) को प्रयोजनका लागि सम्बन्धित संघरुले आ-आफ्ना सदस्य संस्था वा संघबाट प्रस्ताव माग गर्न सक्नेछन् ।

(६) ऐनको दफा ५८ को उपदफा (७) बमोजिम सम्बन्धित संघले कोषबाट प्राप्त रकमको विवरण वार्षिक पुस्तिका मार्फत सार्वजनिक गर्नुका साथै कोषको समिति र रजिष्ट्रार अधिकारीको कार्यालयमा समेत पठाउनुपर्नेछ ।

(७) उपनियम (२) बमोजिम प्रदेश सहकारी प्रवर्द्धन कोषबाट रकम उपलब्ध गराउँदा ऐनको दफा ५८ को उपदफा (३) बमोजिम वर्गीकृत बहुउद्देश्यीय संघलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(८) प्रदेश सहकारी प्रवर्द्धन कोष सञ्चालनका लागि ऐनको दफा ५८ को उपदफा (५) बमोजिमको समितिले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

२१. **अन्य कोषसम्बन्धी व्यवस्था :**(१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५६ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५७ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम एनेको दफा ५८ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देशाय बमोजिमका कोषहरुमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ ।

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाधांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापुर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) संघीय सहकारी ऐन, २०७४ को दफा १०३ को उपदफा (५) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष, र

(ज) अन्य जोखिम व्यवस्थापन कोष ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ ।

## परिच्छेद-७
## अभिलेख र सूचना

२२. **अभिलेखः** (१) ऐनको दफा ६० को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा रजिष्ट्रार अधिकारीको कार्यालयले तोकेको तरिका र ढाँचामा समेत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेखीकरण तथा लेखापालन गर्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खातावही तथा विवरण समेत राख्नु पर्नेछ :-

(क) अनुसूची -३, अनुसूची-९, अनुसूची-१० वा अनुसूची-११ बमोजिमको सदस्यता दर्ता किताब तथा विवरणहरु,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिहरुको बैठकहरुको छुट्टाछुट्टै कारवाही किताब,

(ग) नगदी वही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरु,

(ञ) हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरणपत्र,

(ट) समय-समयमा रजिष्ट्रार अधिकारीले तोकिदिएको अन्य अभिलेख एंव खाताहरु ।

(३) पाँच करोड रुपैयाँ भन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नु पर्ने अभिलेख तथा लेखा रजिष्ट्रार अधिकारीले तोकेबमोजिमको मापदण्ड पूरा भएको “विद्युतीय उपयोग कार्यक्रमणिका ( एप्लिकेशन सफ्टवेयर)” मा समेत व्यवस्थित गर्नु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण संघीय नियमनकारी निकायले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्टी गर्नु पर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोवारको हिसाब किताब “पृष्ठसुरक्षा (ब्याकअप)” व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ ।

२३. **विवरण समयमै उपलब्ध गराउनु पर्ने :** (१) ऐनको दफा ६१ को उपदफा (१) बमोजिमका विवरण सहितको जानकारी तथा प्रतिवेदन देहायको समयभित्र रजिष्ट्रार अधिकारी समक्ष पेश गर्नु पर्नेछ :-

(क) कारोवारको चौमासिक विवरण चौमासिक अवधि भुक्तान भएको सात दिनभित्र र वार्षिक तथा लेखापरीक्षण प्रतिवेदनको हकमा सो अवधी भुक्तान भएको पन्ध्र दिन भित्र,

(ख) ऐनको दफा (६१) को उपदफा (१) को खण्ड (ख), (ग), (घ) बमोजिमको विवरण वार्षिक प्रतिवेदनसँगै सोही अवधिभित्र,

(ग) साधारण सभाको बैठक सम्बन्धी जानकारी समितिको साधारण सभा गर्ने भन्ने निर्णय भएको सात दिन भित्र,

(घ) ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमको विवरण संस्थाको कारोवारको चौमासिक विवरणसँगै सोही अवधिभित्र,

(२) रजिष्ट्रार अधिकारीले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको प्रतिवेदन एकमुस्ट रुपमा आर्थिक वर्ष सकिएको तिन महिनाभित्र मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -८
## ऋण असुली तथा बाँकी बक्यौता

**२४. ऋण तथा बाँकी बक्यौता असुली :** (१) ऐनको दफा ६६ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६७ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्यादबाहेक पैँतीस दिनभित्र तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर, जग्गाजमिन मालपोत कार्यालयबाट रोक्का नगराईएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चलअचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने सावाँ, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैँतीस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी सावाँ, व्याज र हर्जानाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै साथनीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम विक्रिको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने,

तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नुपर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालयको वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट ठाँक बढाबढ गरी सुरु गर्नुपर्छ तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरु मध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्ने,

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(छ) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अ)क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अक स्पष्ट खोली निजको सहीछाप गराउने ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिकको प्रहरी कार्यालय र सम्बन्धित वडा कार्यालयको प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रुपमा अनुरोध गर्दा समेत उपनियम (२) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा नजिकको सरकारी कार्यालय र कुनै स्थानीय तहको प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्ने छ ।

(४) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यत्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

**२५. लिलाम बिक्री स्थगित गर्न सक्ने :** नियम २४ बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्त गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधि भित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमति भई लिलाम बिक्री सथगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा रजिष्ट्रार अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ ।

**२६. असुलउपर हुन नसकेको रकम अरु जायजेथाबाट असुलउपर गर्ने :** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट सावाँ, व्याज र हजानाको रकम असुलउपर हुन नसकेमा ऐन तथा प्रचलित कानून बमोजिम बाँकी

बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २४ मा उल्लिखित कार्यविधि अपनाईलिलाम बिक्री गरी असुलउपर गर्नुपर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जानाको रकम असुलउपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, ब्याज र हर्जानाको रकम असुलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनुपर्नेछ ।

**२७. <u>बेच विखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने :</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी ऐन, २०७४ को दफा १३५ मा उल्लिखित संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेच विखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता वापत धितो लिएको वा संस्था आफैँले धितो सकार गरेधको घर, जग्गा यस नियमावली बमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्नेछैन ।

**२८. <u>लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने :</u>** (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूलयको दश प्रतिशत रकम सोही दिन धरौटीको रुपमा लिई राख्नु पर्नेछ  र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइसक्नु पर्ने तथा सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइराख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानून बमोजिम रजिष्ट्रसन वा दाखिल खारेजसमेत गरिदिनका लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**२९. <u>लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने :</u>** नियम २४ र नियम २६ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ  र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरुले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदअनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

**३०. <u>जायजेथा फिर्ता दिनुपर्ने :</u>** नियम २९ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बनधित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने सावाँ र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रकृया पुऱ्याई फिर्ता दिनुपर्नेछ ।

## परिच्देछ-९

## <u>एकीकरण, विघटन र दर्ता खारेज</u>

**३१. <u>सहकारी संस्थाको एकीकरण :</u>** (१) ऐनको दफा ७१ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्त बन्देजहरु पूरा भएको हुनु पर्नेछ :-

(क) कार्यक्षेत्र एक अर्कोसँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम र हुनुपर्ने,

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्नेगरी गर्नुपर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी क्षेत्र हेर्ने संघीय मन्त्रालयको पूर्व-स्वीकृतिविना सम्वत् २०४९ साल जेठ २ गते भन्दा अघि दर्ता भएका साझा (सहकारी) संस्थालाई अर्को संस्थामा एकीकरण गर्न हुँदैन ।

(४) महिला मात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनुपर्नेछ ।

तर विशेषरुपमा पिछडिएका समुदायमा स्थापित संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन ।

(५) संघहरुको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्नु पर्नेछ ।

तर उपनियम (७) बमोजिम एकीकराण हुने संघहरुको हकमा यो उपनियम लागू हुनेछैन ।

(६) सहकारी बैंकहरुको एकीकरण गर्दा रजिष्ट्रार अधिकारीले नेपाल राष्ट्र बैङ्कको पूर्व-स्वीकृति लिनु पर्नेछ ।

(७) यो नियमावली प्रारम्भ हुँदाको बखत कायम रहेको ऐनको दफा ४ र दफा ८ बमोजिमको न्यूनतम सदस्य संख्या नपुगेको र जिल्ला समावेश नभएका जिल्ला वा प्रादेशिक विषयगत वा बहुउद्देश्यीय सहकारी संघहरु वा ऐनको दफा १८ को उपदफा (१) मा उल्लिखित विषयगत वर्गीकरण भित्र नपर्ने जिल्ला वा प्रादेशिक विषयगत सहकारी संघहरु दुई वर्षभित्र यस नियम बमोजिम सम्बन्धित संघमा एकीकरण गर्नुपर्नेछ ।

(८) एकीकरण्का अन्य शर्त, आधार प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

**३२. <u>सहकारी संस्थाको विभाजन :</u>**(१) ऐनको दफा ७१ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ :-

(क) बचत तथा ऋणको मुख्य कारोवार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी भएको,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्यसञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम र हुने अवस्था भएको ।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोवारको प्रकृतिअनुसार ऐनको दफा १८ बमोजिमको विषयगत वर्गीकरण मिल्लने गरी फरक-फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ ।

(३) रजिष्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाहरुको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित संघको राय लिन सक्नेछ ।

(४) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

**३३. <u>पूर्व-सहमति लिनुपर्ने :</u>** नियम ३१ वा ३२ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैङ्क, वित्तीय संस्था वा दातृ-निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व-सहमति लिनुपर्नेछ ।

## परिच्छेद-१०
## <u>लिक्विडेशन सम्बन्धी व्यवस्था</u>

**३४. <u>लिक्विडटरको नियुक्ति :</u>** (१) ऐनको दफा ७३ को उपदफा (२) बमोजिम पचास लाख रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा रजिष्ट्रार अधिकारीले आफु मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई रजिष्ट्रार अधिकारीले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**३५. <u>लिक्विडेटरको काम, कर्तव्य र अधिकार :</u>** (१) नियम ३४ बमोजिम नियुक्त लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा साबिकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम २४ र नियम २६ बमोजिम असुलउपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागि राखेको रहेछ र सो संस्थाकै हिसाबकिताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरुमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुवै पक्षबीचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने,

(झ) सरोकारवालाहरुसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष विपक्ष, साक्षीहरु र संस्था वा संघको कुनै कर्मचारीलाई आफूसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

**३६. <u>लिक्विडेशन नियन्त्रण गर्ने रजिष्ट्रार अधिकारीको अधिकार :</u>** नियम ३५ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई रजिस्ट्रार अधिकारीले दोहऱ्याई हेरी देहायबमोजिम गर्न सक्नेछ :-

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खाताबही, कागजात, लिखत र जायजेथाहरु पेश गराउन,

(ग) नियम ३५ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोकि दिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाबकिताबको प्रतिवेदन लिन,

(ङ) नियम ३५ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

**३७. <u>दायित्व भुक्तानी :</u>** (१) ऐनको दफा ७२ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रमअनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछ :-

(क) विघटनको कामको निमित्त भएका खर्चहरु फर्छ्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भक्त दिन,

(घ) ऋण भुक्तानी गर्न

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरु दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समयजतिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाले विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनुपर्ने रकमको लागि दाबी गरिसक्नुपर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारवाही हुने छैन ।

## परिच्छेद-११
## <u>विविध</u>

**३८. <u>रजिष्ट्रार अधिकारीको काम, कर्तव्य र अधिकार :</u>** (१)ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रार अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारी संस्था दर्ता नर्गका लागि परेको दरखास्तउपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन गर्न बनाएको निनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी स)स्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमित रुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरुको निरन्तर अनुगमन गरी आवश्यक दिर्नेहशन दिने,

(ङ) सहकारी संस्थाहरुको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बरोजगार श्रमिक र दलित तथा अल्पसंख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्व-रोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्य शृङ्खला विकास एवं तत्सम्बन्धी अन्तर सहकारी कारोवारका आयोजनाहरुलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरुको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरुको प्रचलन तथा सहकारी संस्थाहरुमा सुशासन कार्य गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ठ) निष्कृय अवस्थामा रहेका साझा सहकारी संस्थाहरुलाई सकृय बनाउन आवश्यक कार्य गर्ने,

(ड) आवश्यक मापदण्ड निर्धारण गरी सहकारी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ढ) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा मन्त्रालयबाट प्राप्त निदेशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) रजिष्ट्रार अधिकारीले ऐन तथा यस नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार आफु मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३९. <u>निरीक्षण तथा अनुगमन :</u>** (१) रजिष्ट्रार अधिकारीले ऐनको दफा ७९ को उपदफा (२) बमोजिम बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था वा संघको अनगुगमन गर्दा संघीय कानून बमोजिमको प्रणलीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नुपर्नेछ ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको पाँच करोड रुपैयाँ वा सो भन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारमभ भएको एक वर्षभित्र र सो भन्दा घटी भए तीन वर्षभित्र संघीय नियमनकारी मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भ्इसक्नु पर्नेछ ।

(३) सहकारी संस्थाले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा रजिष्ट्रार अधिकारीले तोकेका मानकहरुको पालना गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमका मानकहरु तोक्दा रजिष्ट्रार अधिकारीले संघीय नियमनकारी निकायले तोकेको मानकलाई आधार लिन सक्नेछ ।

(५) उपनियम (२) बमोजिमको सूचना प्रणाली समेतका आधारमा रजिष्ट्रार अधिकारीको कार्यालयले उपनियम (३) बमोजिम तोकिएका मानकहरुको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना भएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ ।

(६) यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(७) उपनियम (६) बमोजिम कार्यविधि स्वीकृत गर्दा मन्त्रालयले आवश्यकता अनुसार अन्य निकायको परामर्श लिन सक्नेछ ।

**४०. <u>सहकारी संघले गर्ने निरीक्षण तथा अनुगमन प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण</u> :** ऐनको दफा ८१ को उपदफा (२) मा उलिल्लखित विवरणको अतिरिक्त सहकारी संघले पेश गर्ने निरीक्षण तथा अनुगमन प्रतिवेदनमा देहायका विवरण समावेश गर्नु पर्नेछ :-

(क) सहकारी मूल्य, मान्यता तथा सिद्धान्तको प्रचलनको अवस्था,

(ख) संस्थाको स्रोत सदुपयोगको अवस्था,

(ग) संस्थाको आन्तरिक नियन्त्रणको अवस्था,

(घ) रजिष्ट्रार अधिकारीले समय समयमा तोके बमोजिमको विवरण ।

**४१. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण :** ऐनको दफा ८२ को उपदफा (२) मा उल्लिखित विवरणको अतिरिक्त रजिष्ट्रार अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरु मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**४२. <u>प्रतिनिधि पठाउन सकिने</u> :**(१) ऐनको दफा ८७ बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा संघको विनियममा व्यवस्था भएबमोजिम सम्बन्धित सहकारी संस्थाहरुले आफ्नो सदस्य संख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म पठाउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित संस्थाले प्रतिनिधि पठाउँदा मताधिकार प्रयोग गर्ने प्रतिनिधि तोकी पठाउनु पर्नेछ ।

**४३. <u>सार्वजनिक सुनुवाई सम्बन्धी प्रक्रिया</u> :** (१) ऐनको दफा ८८ को उपदफा (५) बमोजिम सार्वजनिक सुनवाई गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) सामाजिक परीक्षण पश्चात साधारणसभा हुनुभन्दा अगाडीको मितिमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(ख) सार्वजनिक सुनुवाईका लागि संस्थाले कुनै एक जना सञ्चालकको अध्यक्षतामा पाँच सदस्यीय सार्वजनिक सुनुवाई उपसमिति गठन गर्नुपर्नेछ ।

(ग) सार्वजनिक सुनुवाईमा उपस्थितिको लागि सबै सदस्य, जनप्रतिनिधि र स्थानीय सरोकारवाला र स्थानीय बुद्धिजिवीहरुलाई कम्तीमा ७ दिन अगाडी जानकारी दिर्नुपर्नेछ ।

(घ) सार्वजनिक सुनुवाई गर्नु भन्दा अगावै संस्था प्रतिको सदस्यको मत संकलन गर्नका लागि संस्थाले सर्वेक्षण गरी सो को प्रतिवेदन सार्वजनिक सुनुवाईमा पेश गर्नुपर्नेछ ।

(ङ) सार्वजनिक सुनुवाई दोहोरो सम्वादमा आधारित हुनुपर्नेछ र सुनुवाईको अन्तमा उठेका जिज्ञासाको जवाफ संस्थाले दिनुपर्नेछ ।

(२) यस नियम बमोजिम सार्वजनिक सुनुवाई सञ्चालन गर्न सहकारी संस्थाले आफ्नो छुट्टै आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

**४४.<u>विवाद निरुपण समितिको गठन</u> :**(१) ऐनको दफा ९२ बमोजिमको विवाद निरुपण समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) रजिष्ट्रार अधिकारीले तोकेको अधिकृत कर्मचारी - संयोजक

(ख) प्रदेश सहकारी संघको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित जिल्ला सहकारी संघको प्रतिनिधि - सदस्य

(२) उपनियम (१) बमोजिम समितिले विवादसँग सम्बन्धित सहकारी संस्थाका एक-एक जना प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रित गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं तय गर्न सक्नेछ ।

**४५. <u>प्रोत्साहन गर्ने व्यवस्था</u> :** (१) मन्त्रालयले वार्षिक कार्यक्रममा व्यवस्था गरी व्यक्ति, सहकारी संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार वा दुवै गरी सम्मानवा पुरस्कृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा व्यक्ति, सहकारी संस्था वा निकायहरुका लागि छुट्टाछुट्टै आधारहरु तय गरी स्वीकृत गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रोत्साहन योग्य व्यक्ति, सहकारी संस्था वा निकायको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) प्रशासन तथा सहकारी विकास महाशाखा - संयोजक

(ख) प्रदेश सहकारी संघको प्रतिनिधि - सदस्य

(ग) रजिष्ट्रार अधिकारी वा रजिष्ट्रार अधिकारीले तोकेको अधिकृत प्रतिनिधि -सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैँ तय गर्न सक्नेछ ।

४६. **जानकारी दिनुपर्ने :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्थाले स्थानीय तहमा कार्यालय, सेवा केन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहमा जानकारी दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमका सहकारी संस्थाहरुको विवरण सम्बन्धित स्थानीय तहले प्रदेशको सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

४७. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने :** मन्त्रालयले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीका अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४८. **बचाउ :** प्रचलित सहकारी सम्बन्धी नियम बमोजिम भए गरेका कामकारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १
(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)
**दर्ता दरखास्तको ढाँचा**

मिति : २०...../...../...

श्री ............................................
............................कार्यालय ......... ।

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायका संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ । उद्देश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौँ ।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-
(ख) ठेगाना :-
(ग) उद्देश्य :-
(घ) मुख्य कार्य :-
(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य संख्या :-
(१) महिला.....जना
(२) पुरुष.......जना
(ज) प्राप्त शेयर पूँजीको रकम :- रु ............
(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु ...........

**आवेदकको तर्फबाट :-**
नाम :-
हस्ताक्षर :-
पद :- तदर्थ सञ्चालक समितिका अध्यक्ष
(प्रस्तावित...............सहकारी संस्था लि.)

अनुसूची - २
(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)
**सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा**

१. परिचय
२. संस्था गठन गर्नुपर्नाको कारण
३. सदस्यताको जनसांख्यिक आधार
४. सहभागिताको औचित्य
५. व्यवसायिक सम्भाव्यता
५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोवारको अनुमान
५.२ सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु
५.३ कारोवारबाट हुने बचतको प्रक्षेपण
६. पूँजी आवश्यकता र स्रोत
६.१ आवश्यकताको अनुमान
६.२ स्रोत
६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरु
७. बजार विश्लेषण
७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरु

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेको समान प्रकृतिका संस्थाहरुको संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरु

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरु ।

अनुसूची - ३

(नियम ५ को उपनियम (२) र नियमा २२ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**<u>सदस्यले लिन स्वीकार गरेको शेयर संख्या शेयर रकमको विवरण सम्बन्धी ढाँचा</u>**

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेसा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | औँठा छाप | फोटो र फोटोमा पर्ने गरी सही छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची - ४

(नियम ५ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

**व्यवसायिक कार्ययोजनाको ढाँचा**

संस्था/संघ/बैङ्क को नाम :-

ठेगाना :-

क. उद्देश्य :-

१. ............................................................................................................................

२. ............................................................................................................................

३. ............................................................................................................................

ख. कार्याहरु :-

१. ............................................................................................................................

२. ............................................................................................................................

३. ............................................................................................................................

४. ............................................................................................................................

५. ............................................................................................................................

६. ............................................................................................................................

ग. आगामी तीन वर्ष पछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य (संघसस्था( संख्या | | | | |
| -महिला | | | | |
| -पुरुष | | | | |
| -जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित | | | | |

२. व्यवसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| ● सदस्य (संघसंस्था) संख्या | | | | |
| - परिमाण (....) | | | | |
| - रकम (रु.) | | | | |
| - लाभान्वित हुने सदस्य (जना) | | | | |
| ● सदस्य (संघसंस्था) लाई वस्तु वा सेवा बिक्री | | | | |
| परिमाण (....) | | | | |
| रकम (रु.) | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |
| ● सदस्य (संस्थाका सदस्य) लाई रोजगारीको अवसर सृजना<br>- प्रत्यक्ष पूर्णकालीन जना<br>- अप्रत्यक्ष पूर्णकालीन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| ● सदस्य (संघसंस्था) लाई ऋण सेवा (वार्षिक)<br>- रकम (रु.)<br>- जना | | | | |
| ● सदस्य (संघसंस्था) लाई बचत सेवा (मौज्दात)<br>- रकम (रु.)<br>- जना | | | | |

३. सरकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| • गाँउ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |
| • सामुदायिक विकासका योजनाहरु सञ्चालन | | | | |

घ.

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| - स्थीर पूँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| - चालु पूँजीतर्फ (मौज्दात, मालसमान, उधारो, बिक्री, नगद मौज्दात आदि) | | | | |
| - लाभान्वित हुने सदस्य (जना) | | | | |
| - ऋण लगानी तर्फ | | | | |
| - जम्मा | | | | |
| • स्रोत | | | | |
| - शेयर पूँजी | | | | |
| - जगेडा कोष | | | | |
| - अन्य (......) | | | | |
| - सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र | | | | |
| जम्मा | | | | |

**कार्यान्वयन जिम्मेवारी बाँडफाँड**

ङ) सञ्चालक समितिको जिम्मेवारी

- 
- 
- 
- 

च. गाउँ/टोल र उपक्षेत्रीय बैठकको जिम्मेवारी

- 
- 
- 
- 

छ. लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी

- 
- 
- 
- 

ज. व्यवस्थापन कर्मचारीको जिम्मेवारी

- 
- 
- 
- 

झ. प्रत्येक सदस्यको जिम्मेवारी

- 
- 
- 
- 

ञ. कार्ययोजनाबाट सदस्य संस्थाका सदस्यकाहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

- 
- 
- 
- 

ट. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

- 
- 
- 
- 

अनुसूची-५

(नियम ५ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)

**शेयर पूँजी तथा प्रवेश शुल्क वापत संकलित रकमको भरपाईको ढाँचा**

भरपाई दादै प्रस्तावित ……………………..सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ……………………… श्री …………………………………………आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको …………… प्रारम्भिक भेलाको मिति …………………. को निर्णय बमोजिम प्रति शेयर रु. ………।- का दरले …………… जनाबाट जम्मा ……………….. कित्ताको हुन आउने जम्मा रकम रु. ………………………………(अक्षरुपी रुपैइाँ ……………. ……. …………मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु. ……………।- का दरले हुन आउने रु. ……….।- (अक्षरेपी ………….) मात्र गरी जम्मा रु. ……………।- (अक्षरेपी ……………… मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सहीछाप गरी ……………. कार्यालयमा पेस गरेको छु । प्राप्त रकम हाल मेरो ………………….. मा रहेको ……………… हिसाब नं. ……………… मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारवाही भएमा मेरो मञ्चुरी छ ।

इति संवत् २०……….साल ………. महिना ……. गते रोज …… शुभम् ।

अनुसूची- ६

(नियम ५ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

**तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारामको ढाँचा**

| सि.नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | रञ्चालकको नाम, थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | वहाल रहने अवधि | औँठा छाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

अनुसूची-७

(नियम ५ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

**स्व-घोषण पत्रको ढाँचा**

प्रस्तावित श्री ................................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरुले प्रचलित कानून सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :-

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/बैङ्कको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं,
- यस अधि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं, र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस स)स्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने :-

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ४ | | | | |

अनुसूची-८

(नियम ५ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)

**अधिकार प्रत्यायोजन पत्रको ढाँचा**

श्री रजिष्ट्रार अधिकारीज्यू

........................................................ ।

विषय : अधिकार प्रत्यायोजन सम्बन्धमा ।

महोदय,

यस प्रस्तावित .................................... सहकारी संस्था/संघ/बैङ्क लि. को मिति २०.....।......।... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारवाही गर्न निम्न दस्तखत नमूना भएको तदर्थ सञ्चालक समितिका ............................. श्री ........................................, .................... श्री ............................ र .................................. श्री.......................................
समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको -

| **नाम, थर** | **ठेगाना** | **पद** | **दस्तखत नमुना** |
|---|---|---|---|
| १. श्री...................................... | | | |
| २. श्री...................................... | | | |
| ३. श्री...................................... | | | |

आवेदकहरुको -

| **सि.नं.** | **नाम, थर** | **ठेगाना** | **सहीछाप** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

द्रस्टव्य : अधिकार प्रत्यायोजन-पत्रमा आवदेक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

अनुसूची-९

(नियम ५ को उपनियम (४) को खण्ड (ग) र नियम २२ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**संघ दर्ताका लागि आवेदन दिने संघ संस्थाहरुको विवरण**

| सि.नं. | आवेदनक संघसंस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पूँजी | जगेडा कोष | खरिद गर्ने शेयरको विवरण | | | अधिकारिक प्रतिनिधिको नाम, थर | सही छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रतिशेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसूची-१०

(नियम ५ को उपनियम (५) को खण्ड (क) र नियम २२ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**<u>प्रदेश सहकारी बैङ्क दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरण</u>**

| सि.नं. | आवेदक संघसंस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पूँजी | जगेडा कोष | वित्तीय अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | अधिकारिक प्रतिनिधिको नाम, थर | सहिछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लिएको रकम रु. | ऋण लिएको निकाय | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व. को नाफा/घाटा रकम रु. | प्रतिशेयर रकम रु. | खरिद शेयर संङ्ख्याण | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

अनुसूची-११

(नियम ५ को उपनियम (६) को खण्ड (क) र नियम २२ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**विशिष्टीकृत संघ दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरण**

| सि.नं. | आवेदक संघसंस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | कार्यक्षेत्र | विषयगत वर्गीकरण | सदस्य संख्याषण | शेयर पूँजी | जगेडा कोष | कारोवारको अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लागनी रकम रु. | पछिल्लो आव को जम्मा खरिद रु | पछिल्लो आ.व.को ज्मा बिक्री रु. | पछिल्लो आ.व. को नाफा/घाटा रकम रु. | प्रतिशेयर रकम रु. | खरिद शेयर संङ्ख्याण | शेयरको जम्मा रकम रु. | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसूची-१२

(नियम ११ सँग सम्बन्धित)

**विनियममा उल्लेख गर्नुपर्ने विषयहरु**

**प्रस्तावना**

१. संक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७.संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९. सदस्यताका लागि निवेदन र प्राप्ति
१०. सदस्यताको अन्त्य
११. सदस्यको समाप्ती
१२. सदस्यताबाट राजीनामा
१३. पुनः सदस्यता
१४. सदस्यको काम कर्तव्य र अधिकार
१५. सदस्यता खुला रहने
१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने
१७. शेयर पूँजी
१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्नेछ
१९. थप शेयर खरिद गर्न सक्ने
२०. शेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृत्रिम छेकबार नलगाइने
२३. शेयर प्रमाण-पत्र
२४. सदस्यको दायित्व सिमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. वार्षिक साधारण सभा
२७. विशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तव्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१.गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु
३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७.लेखा सुपरीवेक्षण समिति
३८. उत्तरदायित्व शृङ्खला
३९. अध्यक्षको काम, कर्तव्य र अधिकार
४०. व्यवस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४२. विशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पूँजी फिर्ता
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सानुपर्ने
५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने
५२. बचत सङ्कलनमा सिमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सिमा
५५. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाभिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोवारमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोवार नगरिने
६२. कारोबारको लेखा
६३. खाताबही
६४. आन्तरिक हिसाब जाँच
६५. वार्षिक हिसाब जाँच
६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आवद्धता
६९. रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारी समक्ष प्रतिवेदन
७०. वित्तिय जानकारी एकाइमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनुपर्ने
७२. हकवालाको मनोनयन
७३. हक दावी वा नामसारी
७४. निर्वाचन
७५. शपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी
७८. मध्यस्थता

७९. समानता र समता
८०. विनियम संसोधन
८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८२. व्याख्या गर्ने अधिकार
८३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने